(क) गाउँपालिका अध्यक्षको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य तथा सरसफाई शाखा हेर्ने अधिकृतसंग, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरुसंग र प्रमुखले अन्य कर्मचारीहरुसंग कार्य सम्पादन सम्झौता गर्नुपर्ने छ ।

(ख) कार्य सम्पादन सम्झौता १ वर्षको हुनेछ । कार्यसम्पादन सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा तयार गरी कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ ।

(ग) वार्षिक कार्यसम्पादन सम्झौताका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य तथा सरसफाई अनुगमन समितिले तयार पारी गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

२२. **कार्य सम्पादन मूल्यांकन तथा सजाय र पुरस्कारः**

(१) कार्यसम्पादन सम्झौता भएका कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई कार्यसम्पादन सुधारोन्मुख कारवाही गर्नुपर्नेछ ।

(२) कार्यसम्पादन सम्झौंताको मूल्याङ्कन, पुरस्कार र सजाय तोकिए बमोजिम हुनेछ ।

## परिच्छेदः ५

## औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था

२३. **वार्षिक खरिद योजना बनाउनु पर्नेः**

(१) आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद

